शरणार्थी प्रमाणीकरणको आवेदन दिँदैमा जापानमा काम गर्न पाइन्छ भन्ने होइन

२०१९ साल मार्च

न्याय मन्त्रालय अध्यागमन ब्युरो

यो सूचना, विशेष गरी जापानमा भएको बेला शरणार्थी प्रमाणीकरणको आवेदन दिएर बसोबास योग्यता परिवर्तन गर्ने, छोटो अवधिको भ्रमणमा रहेका व्यक्तिहरू ("छोटो अवधिको बसाइ") सबैजनाको लागि जारी गरिएको छ। शरणार्थी प्रमाणीकरण भनेको आफ्नो देशमा ज्यानलाई हानी वा खतरा भएको कारण भागेर जापानमा आएका शरणार्थीहरूले जापानमा सुरक्षाको माग गर्ने प्रणाली हो। जापानमा काम गर्न चाहने व्यक्तिहरूको लागि बनाइएको प्रणाली होइन।

२०१८ साल जनावरी १४ तारिखसम्म, शरणार्थी प्रमाणीकरणको आवेदन दिएका व्यक्तिहरूलाई, आवेदन दिएको ६ महिना बितेपछि सामान्य रूपमा काम गर्ने अनुमति दिइएको थियो। तर, न्याय मन्त्रालय अध्यागमन ब्युरोले, २०१८ साल जनावरी १५ तारिखमा, यो व्यवस्थाको समीक्षा गरी, १९५१ सालको शरणार्थी सम्बन्धी महासन्धिमा उल्लेखित शरणार्थीमा स्पष्ट रूपमा नपर्ने आवेदकहरूलाई, शरणार्थी प्रमाणीकरण प्रक्रिया गरिरहेको भएतापनि, जापानमा बसोबास गर्ने पनि, काम गर्ने पनि अनुमति नदिने व्यवस्था बनाएको छ। त्यस्ता आवेदकहरू, बसोबास अवधि पूरा भएपछि, जापानबाट निस्कनको लागि गरिने प्रक्रिया (जबरजस्ती निकाला प्रक्रिया समेत) को दायरामा पर्दछन्।